# जाडो : मध्यपुसको एक बिहान

-निमेष निखिल

चिसो
कुहिरे पुसको एक बिहान
मैले देखेँ-
जाडो हिँडिरहेको थियो चुपचाप/चुपचाप
शून्य सडकमा ।

साथमा बन्दोबस्तीका सामानहरु थिएनन्
सकेटबम, कुकरबम
एसएलआर, थ्रीनटथ्री, एके फोर्टीसेभेन, एम सिक्स्टिन
केहीकेही थिएनन्
थियो त केवल सेताम्मे शरीर थियो
हुस्सुआप्लावित
कुनै सिद्धयोगीको पवित्र केसजस्तो
यस्तैमा मैले देखेँ-
जाडो हिँडिरहेको थियो चुपचाप/चुपचाप
शून्य सडकमा ।

मलाई जाडो मनपर्छ
किनकि जाडोले एम्बुस र बमझैँ विस्फोट भएर
कसैको ज्यान लिँदैन
कथित मुठ्भेढको नाममा
पिठ्युँमा गोली दाग्दैन
शुभ्र सगरमाथाको चिसोपन बोकेर
जाडो बाँडिरहन्छ आत्मीयता र भाइचाराका
अन्त्यहीन भावहरू
गाउँभरि/बस्तीभरि/विश्वभरि ।

चिसो
कुहिरे पुसको एक बिहान
मैले देखेँ-
जाडो हिँडिरहेको थियो चुपचाप/चुपचाप
शून्य सडकमा ।

सर्लाही, हरिभवन
हाल : हेटौंडा